Full Case Details:

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

फैसला

०७४-RB-०३०२

मुद्दा:– आयकर ।(०६१/०६२)

ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर ....१ पुनरावेदक

विरुद्ध

राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरबारप्लाजा, काठमाडौं ....१ प्रत्यर्थी

०७४-RB-०३०९

राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरबारप्लाजा, काठमाडौं ....१ पुनरावेदक

विरुद्ध

आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं ....१ प्रत्यर्थी

ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर ....१ प्रत्यर्थी

सुरु तहमा निर्णय गर्ने पदाधिकारी:- प्रमुख कर प्रशासक खुमराज पूँजाली

ठुला करदाता कार्यालय, काठमाडौँ

निर्णय मितिः- २०६६ ।१ ।३१

पुनरावेदन तहमा फैसला गर्ने:- माननीय अध्यक्ष श्री दिपक कुमार कार्की

लेखा सदस्य श्री भोला प्रसाद खकुरेल

राजस्व सदस्य श्री यज्ञबल्क उपाध्याय

राजस्व न्यायाधिकरण काठमाडौं

फैसला मितिः-२०७० ।६ ।३

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (ख) र (घ) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६५(३) बमोजिम पुनरावेदन दर्ता गर्ने अनुमति प्राप्त भई पुनरावेदनको रोहमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छः-

तथ्य खण्ड

1. **राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडले आर्थिक वर्ष २०६१/०६२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार नोक्सानी रु.४,७८,४३,२८,५३३ ।- कायम गरी ठुला करदाता कार्यालयमा मिति २०६२ ।११ ।**

२६ मा आय विवरण पेस गरेको ।

2. करदाताबाट पेस भएको आर्थिक वर्ष २०६१/०६२ को आय विवरणको विस्तृत छानबिन गर्ने क्रममा खाता, वही, बिल, भौचर प्रमाण र फाँटवारी आदि परीक्षण गर्दा ऐनबमोजिम कट्टी गर्न नपाउने देखिएको खर्च रकम छुट दिन नदिई संशोधित कर निर्धारण गर्नुपर्ने देखिएको हुँदा सो बमोजिम गर्नु नपर्ने भए त्यस सम्बन्धमा सबुत प्रमाण भए १५ दिनभित्र पेस गर्नु हुन भनी ऐनको दफा १०१(६) बमोजिम प्रत्यर्थी कार्यालयको तर्फबाट करदातालाई मिति २०६६।१।१४ मा सूचना दिइएको ।
3. मिति २०६६।१।१४ को सूचनामा उल्लिखित रकमहरुको सम्बन्धमा V.R.S. payment रकम अन्तर्गत अन्तराष्ट्रिय लेखामान अनुरुप नाफा नोक्सान हिसाबमा आवश्यक लेखाङ्कन गरी सकेका छौँ । पेन्सन तथा उपदान कोषको रकम कानूनी रुपमा स्वतन्त्र अस्तित्व भएको राष्ट्रिय वाणिज्य बैङ्क स्वीकृत अवकाश कोषमा Acturial valuation को आधारमा सारिएको रकम खर्च दाबी गरिएको हो । साथै अन्य रकमहरु समेत हाम्रो कम्पनीको आय आर्जनसँग सम्बन्धित हुँदा कट्टी पाउनुपर्छ भन्ने बेहोरा उल्लेख गरी करदाताको तर्फबाट प्रत्यर्थी कार्यालयमा मिति २०६६।१।२९ मा जबाफ दर्ता गराएको ।
4. करदाताको आर्थिक वर्ष २०६१/०६२ को लागि करयोग्य आय जम्मा रु.१,२१,७८,५७,०७०।- आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर योग्य आय कायम गर्ने गरी ठुला करदाता कार्यालयबाट मिति २०६६।१।३१ गतेका दिन संशोधित कर निर्धारण गर्ने निर्णय पर्चा खडा भएको र सोबमोजिम करदाताको नाममा मिति २०६६।१।३१ मा नै संशोधित कर निर्धारण आदेशको सूचना जारी भएको ।
5. मिति २०६६।१।३१ को कर निर्धारण निर्णयमा चित्त नबुझाई करदाताले आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष निवेदन दिएकोमा करदाताको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया तथा सक्कल फाइलसाथ संलग्न कागजातहरुको अध्ययन तथा विश्लेषण गर्दा कार्यालयको निर्णय आयकर ऐन, २०५८ को दफा ७, १३, १६, १९ तथा २० समेतको प्रावधानबमोजिम मिलेकै देखिएकोले करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट मिति २०६६।०४।३२ मा भएको निर्णय ।
6. ठुला करदाता कार्यालयको मिति २०६६।०१।३१ को निर्णय तथा आन्तरिक राजस्व विभागको मिति २०६६।४।३२ को निर्णय अनुसार तपसिलमा उल्लिखित रकमलाई थप आय कायम गरी संशोधित कर निर्धारण गर्ने गरी गरिएको निर्णय न्याय र कानूनसम्मत नहुँदा उक्त आदेश र निर्णय उल्टी गरी न्याय पाउँ भन्ने बेहोरा उल्लेख गरी करदाता राष्ट्रिय वाणिज्य बैङक लिमिटेडले मिति २०६६।०७।१७ मा राजस्व न्यायाधिकरण, काठमाडौंमा दर्ता गरेको पुनरावेदन पत्र ।

संशोधित कर निर्धारणमा थप आय कायम गरिएको रकम

- व्यवस्थापन सुधार खर्च- रु.११,२४,९२,६९१।-
- सहयोग स्वरुप प्राप्त उपकरणको रकम- रु.४,५१,८०,६४९।-
- Revenue income मा समावेश गरिएको रकम- रु.४,५७,४४,०००।-
- V.R.S. payment रकम- रु.१४,४८,४७,६६१।-
- पेन्सन एण्ड उपदान रकम- रु.१,४६,८८,१८,१५१।-
- गत आर्थिक वर्षको खर्च- रु.१०,३२,८४,०३३।-

- पारिश्रमिक कर- रु.९८,४९,१७३ ।-
- ब्याज कर- रु.४३,४८,८२६ ।-
- Award & prices को भुक्तानीमा कर- रु.९९,५८९ ।-
- गत वर्षको नोक्सानी रकम- रु.४,०८,०४,०७,५६२ ।-

7. यसमा सवारी साधन खरिद गरेको मिति नखुलेको भनी ह्रास खर्च दाबीलाई अमान्य गरेको सुरु कार्यालयको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.बं. २०२ नं.बमोजिम छलफलको लागि सरकारी वकिल आन्तरिक राजस्व विभागलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६७।३।१८ को आदेश।
8. नगद प्राप्तिका आधारमा मात्र ब्याज आम्दानी जनाउन पाउने गरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिएको सन्दर्भमा नगद प्राप्त नभई सकेको ब्याजलाई आयमा समावेश गर्ने, नोक्सानी खर्च कट्टी नपाउने गरी भएको ठुलो करदाता कार्यालयको निर्णयसम्म नमिलेकोले उल्टी हुन्छ । अवकाश प्राप्त कर्मचारीलाई दिएको भुक्तानी अन्तर्गत विगत आर्थिक वर्षहरुमा आयकर प्रयोजनको लागि खर्च कट्टि नदिएको वा नलिएको भए सो सम्म खर्च कट्टी दिनु भनी लेखी पठाउने, सो बाहेक अरु निर्णय सदर हुने भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको मिति २०७०।६।३ को फैसला।
9. यस अदालतमा ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर:

- नेपाल राष्ट्र बैङकले आफ्नो प्रतिवेदनमा नै ऋणीसँग ऋण असुलीको क्रममा पाकेको ब्याजलाई पुंजीकृत गरेको बेहोरा उल्लेख भएकोले ब्याजसमेत कायम गरिएको नयाँ पुंजीको रुपमा र सोको पाकेको ब्याज नयाँ ब्याजको रुपमा असुल हुने हुँदा बैङकले पुंजीमा गाभेको कारणबाट पूरानो ब्याज आयमा समावेश नभएको र हुने संभावना पनि नरहेकोले यसरी लेखाङ्कन गरेको कारणबाट पाकेको ब्याज आयमा समावेश नभै सो रकम करयोग्य आयमा समावेश नभएको र नेपाल राष्ट्र बैङकले निर्देशन गरे अनुसार भविष्यमा समेत आयमा समावेश हुने अवस्था करदाताले पेस गरेको प्रमाण एवं उल्लेख गरेको बेहोरा समेतबाट नदेखिँदा उक्त ब्याज रकम आर्जन नै नभएकोले आयकर ऐन, २०५८ को दफा ७(२) अनुसार आयमा समावेश गर्नु नपर्ने भनी करदाताले लिएको जिकिर नपुग्ने गरी ठुला करदाता कार्यालयबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला बदरभागी छ।
- यस कार्यालयबाट करदाता बैङकको आर्थिक वर्ष २०६०/६१ को कर निर्धारण हुँदा करयोग्य आय कायम भएको हुँदा बैङकले यस आर्थिक वर्षको लागि करयोग्य आयबाट कुनै नोक्सानी रकम घटाउन पाउने देखिँदैन। बैङकले कर विवरण पेस गर्दा गत वर्षको नोक्सानी भनी रु.४,०८,०४,०७,५६२ ।- आयकर ऐन, २०५८ को दफा २०(१) अनुसार खर्चमा दाबी गरेको देखिएकोले सो रकम सोही ऐनको दफा २०(१) अनुसार खर्च कट्टी नपाउने गरी यस कार्यालयबाट भएको निर्णय कानूनसम्मत रहेकोले राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला बदरभागी छ।
- बैङकले Pension and Gratuity Fund मा रु.१,४५,११,७३,००० ।- तथा Medical Treatment Fund मा रु.१,७६,४५,१५१ ।- समेत रु.१,४६,८८,१८,१५१ ।- लाई Expenses Deferred in Income Statement भनी नाफा नोक्सान हिसाब खाताबाट ख[illegible] दाबी नभएको रकम अनुसूची-५ बाट खर्च दाबी गरी करयोग्य आय घटाइएको पाइयो। सो खर्च दाबी सम्बन्धमा कर लेखा

परीक्षकको टिप्पणी बुँदा नं. २.९ मा विगतमा नाफा नोक्सान हिसाबमा खर्च लेखी खडा गरेको पेन्सन तथा उपदान कोषको रकममा उक्त कोषको रकम जम्मा गर्दाको बखतमा कर प्रयोजनको लागि खर्चको रुपमा दाबी नगरिएको र यस आय वर्षमा उक्त कोषबाट कानूनी रुपमा स्वतन्त्र अस्तित्व भएको राष्ट्रिय वाणिज्य बैङ्क स्वीकृत अवकाश कोषमा सारिएको मानी यस वर्ष खर्चको रुपमा दाबी गरिएको भनी उल्लेख गरेको देखियो । सो सम्बन्धमा बैङ्कले आयकर ऐन, २०५८ को दफा २४(२) अनुसार खर्च गर्ने दायित्व सिर्जना भएपछि खर्च दाबी गर्नु पर्नेमा कुन कर्मचारीको लागि के कति उपदान तथा पेन्सनको व्यवस्था गरेको हो सो स्पष्ट नगरी, खर्च रकम यकिन नभै Actury **को** Estimate Valuation **को आधारमा, अनुमानको आधारमा खर्च दाबी गरेको सो रकमलाई कर्मचारीको** Payroll **मा समावेश गरी आयबाट कट्टी गर्नु पर्नेमा सो गरेको समेत देखिएन । पेन्सन तथा उपदान खर्च कट्टी गर्न दिने सम्बन्धमा आन्तरिक राजस्व विभागले कर्मचारीको आयबाट कट्टी गरी पेन्सन उपदान कोष खडा गरेको अवस्थामा त्यस्तो पेन्सन तथा उपदान खर्च आयबाट कट्टी गर्न पाउने भनी परिपत्रबाट स्पष्ट गरिएको छ । करदाता बैङ्कले आयकर ऐन, २०५८ को दफा २४(२) अनुसार खर्च दायित्व यकिन नगरी गत विगतको, विभिन्न आर्थिक वर्षको नाफा-नोक्सान हिसाबमा खर्च लेखी खडा गरेको पेन्सन तथा उपदान कोषको रकम कर प्रयोजनको लागि खर्च अनुमान गरी यस आर्थिक वर्ष २०६१/६२ मा खर्चको रुपमा दाबी गरेकोले सो रकमलाई आयकर ऐन, २०५८ को दफा १३ अनुसार खर्च मान्न नमिल्ने भएकोले राजस्व न्यायाधिकरण, काठमाडौँबाट भएको फैसला बदरभागी छ ।**

10. **यसमा आर्थिक वर्ष २०६०/०६१ को कर निर्धारणउपर परेको पुनरावेदनमा राजस्व न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई करदाता तथा ठुला करदाता कार्यालयको समेत निवेदनमा आजै पुनरावेदनको अनुमति प्रदान भएको र उक्त आर्थिक वर्षको कर निर्धारण सम्बन्धी विवादहरु यस निवेदनमा समेत अन्तरप्रभावी हुँदा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख)(घ) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६५(३) बमोजिम पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतबाट भएको मिति २०७४ ।१० ।२६ को आदेश ।**
11. <u>यस अदालतमा राष्ट्रिय वाणिज्य बैङ्कको पुनरावेदन जिकिर:</u>

- वित्तीय व्यवस्थापन सुधार कार्यक्रम खर्चका सम्बन्धमा: **आर्थिक वर्ष २०६१/०६२** व्यवस्थापन विज्ञहरुलाई भुक्तानी गरिएको तलब भत्ता नेपाल राष्ट्र बैङ्कबाट नै भुक्तानी भएको रु.११२४९२६९१ लाई समेत यस बैङ्कले फाइदा लिएको भनी बैङ्कको आय मानी कर निर्धारण भएको त्रुटिपूर्ण छ । सो रकम यस बैङ्कको लेखा तथा श्रेस्तामा एवम् हिसाब कितावमा छैन । राष्ट्र बैङ्कबाट प्राप्त कागजातमा सो रकम बैङ्किङ्ग क्षेत्र सुधार कार्यक्रम परियोजनाले भुक्तानी गरेको देखिन्छ । करसमेत सोही परियोजनाले बुझाएको देखिएको छ । बिना कानूनी आधार अन्तराष्ट्रिय लेखामान अनुसार भनी लगाइएको कर त्रुटिपूर्ण छ । **बैङ्कको व्यवस्थापनमा खटिएको कर्मचारीहरुलाई भुक्तानी गरिएको रकमको हकमा नेपाल सरकारको वित्तीय क्षेत्र सुधार कार्यक्रममार्फत उक्त सम्पूर्ण रकम विज्ञहरुलाई सोझै भुक्तानी भएकोले आय बराबरको खर्च भएकोले बैङ्कलाई कुनै खुद आम्दानी नभएको हुँदासमेत बैङ्कमा अन्तर्राष्ट्रिय लेखामान अनुसार पनि लेखाङ्कन गर्नु पर्दैन । अन्तर्राष्ट्रिय लेखामान अनुसार बैङ्कको आम्दानी हुने भन्ने तर्क त्रुटिपूर्ण छ ।**
- नेपाल राष्ट्र बैङ्कबाट सहयोग प्राप्त उपकरणका सम्बन्धमा: **नेपाल राष्ट्र बैंकबाट प्राप्त अनुदानमा प्राप्त सम्पतिलाई कर ले विवरणमा के कसरी राख्ने भन्ने सम्बन्धमा आयकर ऐन, २०५८ मा स्पष्ट व्यवस्था छैन । सो सम्पतिलाई बैकले ह्रासखर्च बराबर**

हुन आउने रकमलाई आम्दानीमा लेखाङ्कन गरेको छ । र सो रकमलाई बैँकले अन्य आयतर्फ समावेशसमेत गरेको छ । सो वेहोरा कर लेखा परीक्षणमा समेत उल्लेख गरिएको छ । अन्तराष्ट्रिय मान्यता र प्रचलन अनुसार बैँकको सो कार्यमा त्रुटि भएको मान्न मिल्दैन । यस अवस्थामा आयकर ऐन, २०५८ को दफा ७ अनुसार आयमा गणना गरी भएको कर निर्धारण आदेश त्रुटिपूर्ण छ ।

- वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत बैङकमा स्वेच्छिक अवकाश योजना (Voluntary Retirement Scheme) सञ्चालन गर्नको लागि आर्थिक वर्ष २०६१/६२ मा नेपाल राष्ट्र बैङ्कबाट मिति ११ नोभेम्बर २००४ (२०६१ कार्तिक २६) मा एस.डी.आर. १,८१,७२,४२५ ।- र मिति १५ जुलाई २००५ (२०६२ आषाढ ३१) मा एस.डी.आर. १५,८५,१५४ ।५३ गरी जम्मा एस.डी.आर. १,९७,५७,५७९ ।५३ प्राप्त भएकोमा सो रकमलाई बैङ्कले विदेशी मुद्रामा अंकित ऋण शिर्षकमा एस.डी.आर. १,९७,५७,५७९ ।५३ नै लेखाङ्कन गरेको थियो । सो कर्जाको विदेशी मुद्रामा अंकित रकममा नेपाल राष्ट्र बैङ्कको हिसाब र यस बैङ्कको हिसाबमा कुनै भिन्नता छैन । उक्त मितिहरुमा प्राप्त ऋण रकमहरुलाई बैङ्कले प्राप्त मितिहरुमा कायम विनिमय दरले हिसाब गर्नुपर्ने र गरी लेखाङ्कन गरेको थियो । तर बैङ्कको वार्षिक खाताबन्दीको मितिमा विनिमय दरमा कायम रहेको ऋण दायित्वहरुको मितिको नै विनिमय दरमा मूल्याङ्कन फरक परेको नाफा/नोक्सानलाई सम्बन्धित कारण सिर्जना हुने आर्थिक वर्षको नाफा/नोक्सानमा जनाउनुपर्ने अन्तर्राष्ट्रिय लेखामान, नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा बैङ्कको लेखा नीति रहेको कारण बैङ्क आफैँले ऋण प्राप्त गरेको मितिहरुमा कायम रहेको विनिमय दर र खाताबन्दी गर्ने मितिको विनिमय दर बिचको भिन्नताको कारण सिर्जना भएको नाफा/नोक्सान बैङ्कको नाफा/नोक्सान जनाइसकेको थियो । ठुला करदाता कार्यालयले आर्थिक वर्ष २०६१/६२ को संशोधित कर निर्धारण गर्दा बैङ्कको लेखाङ्कन नीति अनुरुप २०६२ आषाढ मसान्तमा रहेको बैङ्कको विदेशी मुद्राको ऋण 44 एस.डी.आर. १,९७,५७,५७९ ।५३ लाई सो मितिको विनिमय दरमा मूल्याङ्कन गरी फरक रकमलाई विदेशी विनिमयको नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गरी कर प्रयोजनका लागि छुट्टै आम्दानी/खर्च दाबी गरिसकेको अवस्थामा नेपाल राष्ट्र बैङ्कले अन्यथा विवरण उपलब्ध गराएको आधारमा सोही विवरणलाई आधार लिई बैङ्कको लेखा हिसाब किताब र सो रकम बिचको फरक रकम रु.१४,४८,४७,६६१ ।- आम्दानीतर्फ समावेश गरेको सुरु कर कार्यालयको निर्णय सदर गरेको राजस्व न्यायाधिकरणको निर्णय बदरभागी छ ।
- यस आर्थिक वर्षको नाफा नोक्सानमा खर्च देखाएको भनी उल्लेख भएको रकमका सम्बन्धमा: यस बैङकले आर्थिक वर्ष २०६१/६२ को वित्तीय विवरणहरु तयार गर्दा सोही आर्थिक वर्षको आम्दानी/खर्च तथा नाफा/नोक्सान मात्र समावेश गरी नाफा नोक्सान हिसाब तयार गरेको छ । सो आर्थिक वर्ष सँग असम्बन्धित विगत आर्थिक वर्षहरुको आम्दानी/खर्च तथा अन्य समायोजन रु.१०,३२,८४,०३३ ।- नाफा नोक्सान हिसाबमार्फत समायोजन गरेको थियो । उक्त रकमको सम्बन्धमा कर लेखापरीक्षकको टिप्पणीको बुँदा नं. ९.६ मा नभई बैङ्कको लेखा सम्बन्धी टिप्पणीको बुँदा नं. ९.६ मा खुलासा गरिएको छ । नाफा नोक्सान बाँडफाँड खातामा खर्च लेखिएको उक्त रकमले यस आर्थिक वर्षको नाफा नोक्सान हिसाबमा कुनै असर नगरी अघिल्लो आर्थिक वर्ष सम्मको नाफा नोक्सान हिसाबमा मात्र सोझै समायोजन हुन्छ । यसरी गरिएको लेखाङ्कन लेखामान तथा लेखा सिद्धान्तबमोजिम नै रहेको छ । बैङ्कले उक्त खर्च करकट्टी दाबी नगरी स्वयं कर निर्धारण पेस गरेको छ । तर ठुला करदाता कार्यालयले कर विवरण अध्ययन नगरी खर्च कट्टी अमान्य गरेको त्रुटिपूर्ण छ ।
- बैङकले कर्मचारीलाई सापटी दिएको रकमका सम्बन्धमा: बैङकको कार्यमा बढी लगनशील हुन अभिप्रेरित गर्ने उद्देश्यले बैङकमा उपलब्ध भएको तर अन्य आय आर्जन गर्ने कार्यमा प्रयोगसमेत हुन नसकेका श्रोत मध्येबाट केही रकम कर्मचारील सापटीको रुपमा दिने गरिएको र सो सापटी निर्ब्याजी नभएको सो कर्जा रकम बराबरको जीवन बिमा गराई सोको प्रिमियम

कर्मचारीको तलबबाट कट्टी गरी बिमा अवधि सकिएपश्चात् प्राप्त हुने Endowment रकम सम्बन्धित कर्जामा जम्मा हुने र बोनस रकममध्ये ७५ प्रतिशत कर्मचारीलाई र २५ प्रतिशत बैङ्कको आम्दानीमा हुने व्यवस्था रहेको छ । बिमा नभएको कर्मचारी कर्जाको हकमा ४ प्रतिशत ब्याज लिने गरिएको छ । ठुला करदाता कार्यालयले कर्जा सापटमा प्राप्त भएको ब्याजलाई आधार लिई औषत ब्याजदर ७.३१ प्रतिशत निकाली आयकर ऐन, २०५८ (सं.स.) को दफा ७ बमोजिम आयमा समावेश गर्नुपर्ने भनी दिईएको कारण त्रुटिपूर्ण छ । उक्त ऐनको कुनै पनि दफामा औषत ब्याजदर निकाली सो दरमा कर्मचारी सापटी रकमको औषत मौज्दातमा ब्याज आम्दानी गणना गरी बैङ्कको करयोग्य आयमा समावेश गर्ने व्यवस्था नै छैन ।

- ठुला करदाता कार्यालयले संशोधित आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको सम्बन्धमाः **ठुला करदाता कार्यालयले संशोधित कर निर्धारण निर्णय पर्चामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क गणना गर्ने उल्लेख गरिएको छ भने सोही निर्णय पर्चाबमोजिम लेखिएको पत्रमा ऐनको दफा १२०(क) बमोजिम लाग्ने शुल्क भनी संशोधित कर निर्धारण विवरण बमोजिमको आयकरको ५० प्रतिशतले हुने रकम बुझाउने आदेश दिइएको छ । ऐनको दफा १२० मा झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई शुल्क लाग्ने व्यवस्था गरेको छ । यस बैङ्कले पेस गरेको आय विवरण बैङ्कको वित्तीय विवरणहरुसँग दुरुस्त रहेको तथा सो विवरणमा आयकर ऐनको व्यवस्था अनुरुप समावेश गर्नुपर्ने सम्पूर्ण आम्दानीहरु समावेश भएको तथा खर्च कट्टी गर्न पाउने खर्चहरु मात्र दावी गरिएको छ । बैङ्कले आय नदेखाउने वा नभएको खर्च समावेश गरी आय विवरण पेस गर्ने वा भ्रमपूर्ण विवरण पेस गर्ने जस्ता कुनै कार्य गरेको छैन । यस बैङ्कको वित्तीय विवरणहरु बैङ्कको पूर्व निर्धारित लेखा निर्देशिकाको आधारमा तयार गरिएको लेखा हिसाब किताबको आधारमा तयार गरिएको छ । उक्त लेखा निर्देशिका नेपाल लेखामान, अन्तर्राष्ट्रिय लेखामान तथा बैङ्किङ्ग क्षेत्रमा प्रचलित सर्वमान्य सिद्धान्तसमेतको आधारमा तयार पारिएको छ र बैङ्कको आन्तरिक नियन्त्रण प्रणाली अनुसार यसलाई पूर्ण रुपमा कार्यान्वयन गरिएको छ । उक्त आर्थिक वर्ष २०६१/६२ को वित्तीय विवरणहरुको प्रचलित कानूनबमोजिम महालेखापरीक्षकबाट लेखा परीक्षण गरिएको छ तथा सो आर्थिक वर्षको स्वयं कर निर्धारण विवरणसमेत स्वतन्त्र कर लेखापरीक्षकबाट प्रमाणित गरिएको छ । बैङ्कले उपलब्ध गराएको सबै सूचनाहरु सही भएको जानाजानी वा भूलवश पनि कुनै पनि गलत सूचना उपलब्ध नगराइएको हुँदा बैङ्कलाई उपरोक्त दफा १२०(क) बमोजिमको शुल्क लगाउनुपर्ने कुनै आधार छैन ।**

12. **यसमा आर्थिक वर्ष २०६०/०६१ को कर निर्धारणउपर परेको पुनरावेदनमा राजस्व न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई करदाता तथा ठुला करदाता कार्यालयको समेत निवेदनमा आजै पुनरावेदनको अनुमति प्रदान भएको र उक्त आर्थिक वर्षको कर निर्धारण सम्बन्धी विवादहरु यस निवेदनमा समेत अन्तरप्रभावी हुँदा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख)(घ) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६५(३) बमोजिम पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतबाट भएको मिति २०७४।१०।२६ को आदेश ।**
13. **यस अदालतबाट भएको आदेशानुसार दुबै पक्षका तर्फबाट पेस भएको बहसनोट मिसिल सामेल रहेको ।**

<u>ठहर खण्ड</u>

14. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो । पुनरावेदक राष्ट्रिय वाणिज्य बैङकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु बिष्णुप्रसाद कँडेल, श्री तारा प्रसाद तिमल्सिना, श्री ललितबहादुर बस्नेत, श्री इन्दिरा कार्की र श्री सपना शाहीले राष्ट्रिय वाणिज्य बैङ्कले

०६१/०६२ को लागि प्रचलित कानूनबमोजिम खुद नोक्सानी रु.४,७८,४३,२८,५३३ ।- उल्लेख गरी आय विवरण पेस गरेकोमा आयकर सम्बन्धी कानूनको त्रुटिपूर्ण व्याख्या गरी यस बैङ्कले दिएको विवरण विपरीत विभिन्न शिर्षकको खर्चहरुलाई अमान्य गरी विपक्षी ठुला करदाता कार्यालयबाट रु.१,२१,७८,५७,०७० ।- करयोग्य आय कायम गरिएको छ । आय विवरणमा समावेश गरिएको विभिन्न शिर्षकका खर्च मध्ये वित्तीय व्यवस्थापन सुधार खर्च, नेपाल राष्ट्र बैङ्कबाट सहयोग स्वरुप प्राप्त उपकरणको हुने रकम, VRS Payment को रकम एवम् गत आर्थिक वर्षको खर्च रकम खुद आयमा समावेश गर्ने तथा आयकर ऐन, २०५८ को दफा ११७, ११८, ११९ र १२०(क) बमोजिम झुट्टा र भ्रमपूर्ण विवरण पेस गरेको भनी शुल्क लगाउने गरी सुरु ठुला करदाता कार्यालयले गरेको निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरण, काठमाडौँबाट भएको फैसला आयकर ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था ऐन तथा अन्तर्राष्ट्रिय लेखामानसमेतको विपरीत हुँदा बदर गरी आर्थिक वर्ष ०६१/०६२ को कर निर्धारण प्रयोजनका लागि राष्ट्रिय वाणिज्य बैङ्कले पेस गरेको आय विवरण अनुसारको आय नै कायम गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

15. प्रत्यर्थी ठुला करदाता कार्यालयका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरि शंकर ज्ञवालीले स्वयं कर निर्धारण प्रणालीमा Randomly करदाताको विवरण परीक्षण गरिन्छ । कर कार्यालयले हेरेको बेला दाबी प्रमाणित गर्ने दायित्व करदाताको हो । तर कर परीक्षणको क्रममा पुनरावेदक बैङ्कको तर्फबाट सो दायित्व पूरा हुन सकेको अवस्था छैन । वित्तीय व्यवस्थापन सुधार, नेपाल राष्ट्र बैङ्कबाट प्राप्त उपकरणको रकम, VRS Payment तथा गत आर्थिक वर्षको नोक्सानीको हकमा सुरु कार्यालयको निर्णय सदर गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेको देखिए पनि पाकेको ब्याज आयमा समावेश नभएको कारण करयोग्य आयमा समावेश नभएको र भविष्यमा समेत सो ब्याज आयमा समावेश हुने देखिँदैन । प्रत्यर्थी बैङ्कले पेस गरेको प्रमाणबाट समेत सो अवस्था देखिएको छैन । त्यस्तै ०६०/०६१ मा नै करयोग्य आय कायम भएको हुँदा बैङ्कले यस आर्थिक वर्षमा करयोग्य आयबाट कुनै नोक्सानी रकम घटाउन पाउने अवस्थासमेत छैन । त्यस्तै पेन्सन तथा उपदानको रकमसमेत बैङ्कले अनुमानको भरमा दाबी गरेकोले त्यस्तो अनुमानको भरमा गरेको खर्च दाबी गर्न मिल्दैन । तर उल्लिखित अवस्थालाई अन्देखा गरी सुरु कार्यालयको निर्णय उल्टी गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौको फैसला बदर गरिपाउँ भनी गर्नु भएको बहस सुनी राष्ट्रिय वाणिज्य बैँकका उपकार्यकारी अधिकृत तहका CA श्री विमल ढंगोलसँग पनि छलफल गरियो ।

16. यसमा पुनरावेदक राष्ट्रिय वाणिज्य बैङकले आर्थिक वर्ष ०६१/०६२ को लागि रु.४,७८,४३,२८,५३३ ।- खुद नोक्सानी कायम गरी आय विवरण पेस गरेकोमा प्रत्यर्थी ठुला करदाता कार्यालयले रु.१,२१,७८,५७,०७० ।- लाई कर योग्य आय कायम गरी व्यवस्थापन सुधार खर्च, नेपाल राष्ट्र बैङ्कबाट सहयोग स्वरुप प्राप्त उपकरणको रकम, VRS Payment रकम, पेन्सन तथा उपदान रकम, गत आर्थिक वर्षको खर्च, पारिश्रमिक कर, ब्याज कर, Award & prices को भुक्तानीमा कर रकम तथा गत वर्षको नोक्सानी रकमलाई खर्चमा अमान्य गरी भएको निर्णय भएउपर पुनरावेदक बैङ्कको तर्फबाट आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन परेकोमा आन्तरिक राजस्व विभागबाट सुरु ठुला करदाता कार्यालयको निर्णय सदर भएको देखिन्छ । पुनरावेदक बैङ्कको तर्फबाट सो प्रशासकीय पुनरावलोकनउपर राजस्व न्यायाधिकरण काठमाडौँमा पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरण काठमाडौँबाट Revenue Income मा समावेश गरिएको रकम, गत वर्षको नोक्सानी रकम तथा पेन्सन तथा उपदान कोषको रकमको हकमा सुरु कार्यालयको निर्णय उल्टी गर्ने तथा अन्य शिर्षकमा सुरु कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको फैसलाउपर चित्त नबुझाई ठुला करदाता कार्यालय तथा राष्ट्रिय वाणिज्य बैङ्कको पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन परेकोमा यस अदातलबाट मिति २०७४ ।१० ।२६ मा पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान भएपश्चात् दुबै निवेदनहरु पुनरावेदनको रोहमा दर्ता भई विभिन्न मितिमा सुनुवाई हुँदै आज निर्णय सुनाउने प्रयोजनका लागि

इजलाससमक्ष पेस भएको देखियो ।

17. उल्लिखित तथ्य एवम् जिकिर भएको प्रस्तुत मुद्दामा दुबै पक्षका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु तथा विद्वान उपन्यायाधिवक्ताको तर्कपूर्ण बहस सुनी पेस हुन आएका बहसनोट समेत अध्ययन गरी राजस्व न्यायाधिकरण काठमाडौँको फैसला मिलेको छ छैन? पुनरावेदकहरुको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

18. अव निर्णयतर्फ विचार गर्दा, प्रथमतः ठुला करदाता कार्यालयको पुनरावेदनमा जिकिर लिईएको Revenue Income मा समावेश गरिएको रकम रु.४,५७,४४,००० ।- का सम्बन्धमा हेर्दा, नेपाल राष्ट्र बैँकले आफ्नो प्रतिवेदनमा नै ऋणीसँग ऋण असुलीको क्रममा पाकेको ब्याजलाई पुँजीकृत गरेको वेहोरा उल्लेख भएकोले ब्याजसमेत कायम गरिएको नयाँ पुँजीको रुपमा र सोको पाकेको ब्याज नयाँ ब्याजको रुपमा असुल हुने नै हुँदा बैँकले पुँजीमा गाभेको कारण पुरानो ब्याज आयमा समावेश नभएको र हुने सम्भावना पनि नरहेकोले यसरी लेखांकन गरेको कारणबाट पाकेको ब्याज आयमा समावेश नभई सो रकम करयोग्य आयमा समावेश नभएको पुनरावेदक ठुला करदाता कार्यालयको जिकिर रहेको देखिन्छ । प्रत्यर्थी बैङ्कको नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार नगद प्राप्तिका आधारमा मात्र ब्याज आम्दानी जनाउने हुँदा नगद प्राप्त नभई सकेको ब्याजको लेखाङ्कनको लागि ब्याज सस्पेन्सन हिसाबमा Credit तथा प्राप्त गर्नुपर्ने ब्याज हिसाबमा Debit गरी हिसाब मिलान गरिन्छ भन्ने जिकिर रहेको देखिन्छ । पुनरावेदकले पाकेको ब्याजलाई पुँजीकृत गरेको भन्ने जिकिर लिए पनि प्रत्यर्थी बैङ्कले सो ब्याज नगदमा प्राप्त गरी पुँजीकृत गरेको भनी भन्न सकेको अवस्था छैन । यस परिप्रेक्ष्यमा नगद प्राप्तिका आधारमा मात्र ब्याज आम्दानी जनाउन पाउने गरी नेपाल राष्ट्र बैङ्कले दिएको लेखांकन सम्बन्धी निर्देशनमा समेत दृष्टि पुऱ्याउनु पर्ने देखिन्छ । आयकर ऐन, २०५८ को दफा २४(३) मा **"......बैकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ तथा बैङ्किङ्ग सम्बन्धी प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैङ्कले तोकेको लेखांकनलाई विभागले मान्यता दिन सक्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाको रोहमा नगद रुपमा आर्जन भएको रकम मात्र आम्दानी जनाउन पाउने हुँदा वास्तविक रुपमा नगदमा आर्जन नभएको ब्याज रकमलाई आम्दानी जनाउन सक्ने देखिँदैन । पुनरावेदक ठुला करदाता कार्यालयले बैङ्कले वास्तविक रुपमा नगदमा आर्जन नगरेको ब्याजसमेतलाई Revenue Income मा समावेश गरेको प्रमाण नदेखिएको भनी आयमा समावेश गर्ने गरी निर्णय गरेको देखिँदा सो निर्णयलाई उल्लिखित कानूनी व्यवस्था तथा नेपाल राष्ट्र बैँङ्कको लेखांकन सम्बन्धी निर्देशन अनुकूल मान्न मिल्ने देखिएन । जहाँसम्म पुनरावेदक ठुला करदाता कार्यालयको पाकेको ब्याज आयमा समावेश नभई करयोग्य आयमा समावेश नभएको जिकिर छ त्यस सम्बन्धमा हेर्दा प्रत्यर्थी बैङ्कले नियामक नेपाल राष्ट्र बैङ्कको निर्देशनलाई अनिवार्यतः पालना गर्नुपर्ने हुन्छ । यसलाई प्रत्यर्थी बैङ्कको सहुलियतभन्दा पनि वाध्यताको सापेक्षतामा हेर्न वाञ्छनीय हुन्छ । सो निर्देशन अन्यथा नभएसम्म वास्तविक रुपमा नगदमा आर्जन हुन नआएको ब्याज रकम पुँजीकृत भए वा अप्रत्यक्ष रुपले बैङ्कको आम्दानी नै हुने भए पनि आयकर प्रयोजनका लागि त्यस्तो ब्याज आम्दानीमा जनाउन मिल्ने देखिएन । यस स्थितिमा सुरु कार्यालयको निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरण काठमाडौँको फैसला मिलेको देखिँदा पुनरावेदक ठुला करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

19. **गत वर्षको नोक्सानी रकम रु.४,०८,०४,०७,५६२ ।- को हकमा विचार गर्दा प्रत्यर्थी बैङ्कको २०६०/०६१ को कर निर्धारण हुँदा कर योग्य आय कायम भएकोले यस आर्थिक वर्षको लागि करयोग्य आयबाट कुनै नोक्सानी रकम घटाउन पाउने देखिँदैन भनी रु.४,०८,०४,०७,५६२ ।- पुनरावेदक ठुला करदाता कार्यालयले खर्च कट्टी अमान्य गरेको देखियो । पुनरावेदक राष्ट्रिय वाणिज्य बैङ्क र प्रत्यर्थी ठुला करदाता कार्यालय भएको ०५९/०६० को आयकर मुद्दामा गत वर्षको नोक्सानी रकम खर्च कट्टी नपाउने गरी सुरु ठुला करदाता कार्यालयबाट भएको निर्णय उल्टी गरी राजस्व न्यायाधिकरण काठमाडौँबाट मिति २०७० ।२ ।२३ मा फैसला भएको र सो**

फैसलाउपर ठुला करदाता कार्यालयको पुनरावेदनसमेत परेको देखिँदैन । आर्थिक वर्ष २०६०/०६१ को आयकर मुद्दामा गत वर्षको नोक्सानी खर्च कट्टीमा अमान्य गर्ने सुरु कार्यालयको निर्णयउपर प्रत्यर्थी बैङ्कको तर्फबाट पुनरावेदन परेकोमा सुरु कार्यालयको निर्णय उल्टी हुने गरी राजस्व न्यायाधिकरणबाट मिति २०७० ।६ ।३ मा फैसला भएकोमा सो फैसला आज यसै इजलासबाट सदर भई फैसला भएको देखिएबाट यस आर्थिक वर्षको हकमा उल्लिखित गत वर्षको नोक्सानी रकम खर्च कट्टी पाउने नै देखिन आयो । त्यस्तो नोक्सानी खर्च कट्टी नपाउने भन्ने सम्बन्धमा पुनरावेदक ठुला करदाता कार्यालयले स्पष्ट आधार, कारण र कानूनी व्यवस्था समेत खुलाई राजस्व न्यायाधिकरण काठमाडौँबाट भएको फैसलाको खण्डनसमेत गर्न सकेको समेत देखिन आउँदैन । आयकर ऐन, २०५८ को दफा २०(१) ले त्यस्तो नोक्सानी रकम खर्च कट्टी गर्न पाउने नै देखिन्छ । यस अवस्थामा नोक्सानी रकम खर्च कट्टी गर्न पाउने सम्बन्धमा यस अघि नै फैसला भईसकेकोले प्रस्तुत आर्थिक वर्षको मुद्दामा समेत नोक्सानी खर्चमा कट्टी गर्न पाउने भन्ने निर्णयाधार ग्रहण गरी राजस्व न्यायाधिकरणबाट भएको फैसला मिलेको देखिँदा पुनरावेदक ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

20. प्रत्यर्थी बैङ्कले आयकर ऐन, २०५८ को दफा २४(२) अनुसार खर्च दाबी गर्ने दायित्व सिर्जना भएपछि खर्च दाबी गर्नुपर्नेमा कुन कर्मचारीको लागि के कति उपदान तथा पेन्सन व्यवस्था गरेको हो सो स्पष्ट नगरी खर्च रकम यकिन नभई Actury को Estimate Valuation को आधारमा अनुमानको आधारमा खर्च दाबी गरेको Payroll मा समावेश गरी आयबाट कट्टी गर्नु पर्नेमा नगरेको तथा विभिन्न आर्थिक वर्षको नाफा नोक्सान हिसाब खर्च लेखी खडा गरेको पेन्सन तथा उपदान कोषको रकम कर प्रयोजनका लागि खर्च अनुमान गरी यस आर्थिक वर्ष २०६१/०६२ म खर्चको रुपमा दाबी गरेकोले सो रकमलाई आयकर ऐन, २०५८ को दफा १३ अनुसार खर्चमा अमान्य गरेको देखिन्छ । यसै शिर्षकमा आन्तरिक राजस्व विभागले मिति २०७० ।३ ।३१ मा खर्च कट्टी दिनुपर्ने गरी संशोधित कर निर्धारण गर्न ठुला करदाता कार्यालयलाई आदेश दिने गरी भएको निर्णय उद्धृत गर्दै राजस्व न्यायाधिकरण काठमाडौँले सुरु कार्यालयको निर्णय उल्टी गरेको देखियो । विभिन्न आर्थिक वर्षमा एउटै शिर्षकमा विभिन्न किसिमको निर्णय हुनु न्यायोचित हुने देखिँदैन । आर्थिक वर्ष २०६४/०६५ मा सोही शिर्षकमा खर्च कट्टी दिने र आर्थिक वर्ष २०६०/०६१ मा सोही शिर्षकमा खर्च कट्टी दिन नमिल्ने भन्ने निर्णयका पछाडि कुनै निश्चित कानूनी व्यवस्था वा सिद्धान्तसमेत देखिन आउँदैन । पेन्सन तथा उपदान कोष खडा हुनुपर्ने आन्तरिक राजस्व विभागको परिपत्र रहेको भन्ने जिकिर सुरु कार्यालयको रहे तापनि उल्लिखित मिति २०७० ।३ ।३१ को सो विभागको निर्णयमा त्यस्तो बेग्लै कोष खडा गर्नुपर्ने बेहोरा उल्लेखसमेत भएको देखिँदैन । साथै, पेन्सन तथा उपदान कोषको रकम रु.१,४६,८८,१८,१५१ ।- बैङ्कले फिर्ता लिन नसक्ने गरी छुट्टै कानूनी अस्तित्व भएको निकायमा नगद भुक्तानी गरेको भन्ने प्रत्यर्थी बैङ्कको जिकिर रहेकोमा पुनरावेदकबाट सो जिकिर खण्डन हुन सकेको समेत देखिँदैन । आयकर ऐन, २०५८ को दफा २२(२) मा "प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनका लागि नगद आधारमा लेखाङ्कन गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिएकोमा कर्मचारीको नोकरी अवधि समाप्त भएपछि मात्र भुक्तानी हुने त्यस्तो रकम कर्मचारीलाई भुक्तानी नै दिई नसकेको र दायित्वसमेत सिर्जित नभईसकेको अवस्थामा आयमा समावेश हुन सक्ने अवस्थासमेत देखिएन । यस स्थितिमा आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०६४/०६५ को अवकाश कोषको हकमा गरेको निर्णयबमोजिम यस आर्थिक वर्षमा अवकाश कोषमा दाखिला भएको रकम विगत आय वर्षहरुमा आयकर प्रयोजनका लागि खर्च कट्टी नलिएको वा नदिएको भए सो रकम खर्चको रुपमा कर निर्धारण गर्नु भनी ठुला करदाता कार्यालयमा लेखी पठाई दिनु भनी राजस्व न्यायाधिकरण काठमाडौँबाट भएको फैसला मिलेकै देखियो ।

21. अव, पुनरावेदक करदाता राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट लिईएको जिकिरमध्ये प्रथमतः वित्तीय व्यवस्थापन सुधार कार्यक्रम सम्बन्धमा हेर्दा, आर्थिक वर्ष २०६१/०६२ को लागि नेपाल राष्ट्र बैङ्कबाट खटिई आएका विज्ञलाई भुक्तानी गरिएको रु.११,२४,९२,६९१ ।- पुनरावेदक बैङ्कको आयमा समावेश गरेको देखिन्छ । आर्थिक वर्ष २०५९/०६० तथा २०६०/०६१ को आयकर मुद्दामा उल्लिखित रकम आयमा समावेश गर्ने ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला उल्टी भई सो रकम बैँकको खुद आयमा समावेश नहुने ठहरी आज यसै इजलासबाट फैसला भएकोले प्रस्तुत आर्थिक वर्षको हकमा समेत सोही आयकर मुद्दाहरुमा विवेचित आधार, कारण र कानूनी व्यवस्थाबमोजिम वित्तीय व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत विज्ञहरुलाई भुक्तानी गरिएको रु.११,२४,९२,६९१ ।- आयमा समावेश गर्ने गरी प्रत्यर्थी सुरु ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेको नदेखिँदा उल्टी भई सो रु.११,२४,९२,६९१ ।- पुनरावेदक बैङ्कको खुद आयमा समावेश गर्नुपर्ने देखिएन ।

22. पुनरावेदक बैङकले आर्थिक वर्ष २०६१/०६२ मा नेपाल राष्ट्र बैङकबाट रु.४,५१,८०,६४९ ।- मूल्य बराबरका उपकरणहरु सहयोग प्राप्त गरेको पाइयो । उपरोक्त सामान बापत कुनै रकम भुक्तानी गरेको तथा ती सामान स्थिर पूँजी खातामा आम्दानी बाँधेको नपाइएको साथै सो बापत बैङ्कको कुनै दायित्व सिर्जनासमेत नभएको अवस्थामा सो रकमलाई आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गरेको नपाइएकोले यस आर्थिक वर्षको करयोग्य आयमा समावेश गर्ने गरी सुरु कार्यालयबाट निर्णय भएको देखिन्छ । बैङ्कले पूँजीगत अनुदानमा प्राप्त भएको सम्पतिको प्रत्येक वर्षको ह्रासखर्च बराबर हुन आउने रकमलाई आम्दानीमा लेखाङ्कन गर्ने गरेको छ र सोही रकमलाई बैङ्कले आय विवरणको अन्य आयतर्फ समावेश गरेको छ भनी पुनरावेदक बैङ्कको जिकिर रहेको पाइन्छ । पुनरावेदक बैङ्कको उल्लिखित जिकिर रहे पनि पुनरावेदक बैङ्कलाई त्यसरी प्राप्त उपकरण लगायतका सामान स्थिर पूँजी खातामा आम्दानी बाँधेको देखिँदैन । सो तथ्यलाई पुनरावेदक बैङ्कले स्वीकार नै गरेको देखिन्छ । अनुदानमा प्राप्त सम्पतिलाई कर लेखा विवरणमा के कसरी लेखांकन गर्ने भन्ने व्यवस्था आयकर ऐन, २०५८ मा नरहेको भन्ने आधारमा मात्र त्यस्ता सम्पतिहरुको अभिलेख नै नरहने गरी आम्दानी बाध्नु नपर्ने भन्ने हुँदैन । पुनरावेदक बैङ्कले त्यसरी लेखांकन नगरिए पनि ह्रास खर्च बराबर हुन आउने रकमलाई आम्दानीमा लेखांकन गरेको तथा सो रकमलाई आय विवरणको अन्य खर्चमा देखाएको जिकिर लिए पनि सो जिकिर पुष्टि हुने प्रमाण पेस गर्न सकेको देखिँदैन । पुनरावेदक बैङ्कले आर्थिक वर्ष २०६१/०६२ को संशोधित कर निर्धारण लागि प्राप्त सूचनाको जवाफमा च.नं. ३०४५ मिति २०६६ ।१ ।२८ को पत्रबाट प्रमाण पेस गरिएको भने तापनि पुनरावेदक बैङ्कले सो पत्रबाट पेस गरेको जवाफ प्रस्तुत शिर्षकका हकमा मौन रहेको देखिन आउँछ । नेपाल राष्ट्र बैङ्कबाट पुनरावेदक बैङ्कले विना कुनै लागत विभिन्न उपकरण लगायतका सामाग्री प्राप्त गर्नु सो आर्थिक वर्ष २०६१/०६२ को लागि प्रत्यक्षतः बैङ्कको आम्दानी हो । कुनै दायित्व सिर्जित नभई प्राप्त यस्तो लाभलाई पुनरावेदक बैङ्कको आम्दानी होइन भनी अर्थ गर्न मिल्ने देखिँदैन ।

23. आयकर ऐन, २०५८ को दफा ७(२) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको देहायका रकमहरु समावेश गरी गणना गर्नु पर्नेछ भन्ने व्यवस्था भई खण्ड (ङ) मा **व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार** भन्ने उल्लेख भएको देखिन्छ । आयकर ऐन, 2058 को दफा 27 मा भुक्तानीको रकमको परिमाणीकरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था भएकोमा सोही दफाको उपदफा (1) को खण्ड (क) मा एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी दिएको भुक्तानीको हकमा हस्तान्तरीत सम्पत्तिको बजार मूल्य बराबरको रकम परिमाणीकरण गर्नुपर्ने भन्ने उल्लेख भएको देखिँदा आय वर्षमा करदाता बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट प्राप्त उपकरणको बजार मूल्य बराबरको उल्लिखित रकम करदाता बैङ्कको आयमा गणना गर्नुपर्ने नै देखिन आयो । कर निर्धारणको प्रयोजनको लागि एक व्यक्ति वा निकायबाट हुने खर्च कानूनले छुट दिएको अवस्था बाहेक अर्को व्यक्ति वा निकायको आय कायम हुनु पर्दछ । यो आय निर्धारणको आधारभूत मान्यता पनि हो । यस आधारबाट पनि कुनै

व्यक्तिबाट अर्को व्यक्तिमा सम्पत्ति हस्तान्तरण भएमा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिको आयमा गणना गरिनु पर्ने हुन्छ । यस स्थितिमा वर्षको ह्रास खर्च बराबर हुन आउने रकमलाई आम्दानीमा लेखाङ्कन गर्ने गरेको छ र सोही रकमलाई बैङ्कले आय विवरणको अन्य आयतर्फ समावेश गरेको भन्ने जिकिर रहे पनि पुनरावेदक बैङ्कले सो जिकिर पुष्टि गर्न सकेको नदेखिएबाट उल्लिखित रु.४,५१,८०,६४९ ।- लाई आयकर ऐन, २०५८ को दफा ७ बमोजिम पुनरावेदक बैङ्कको आयमा समावेश गर्ने गरी सुरु कार्यालयको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने देखिएन ।

24. वित्तीय सुधार कार्यक्रम अन्तर्गत नेपाल राष्ट्र बैङकबाट राष्ट्रिय वाणिज्य बैङकको व्यवस्थापन कार्यका लागि यस आर्थिक वर्षमा VRS Payment शिर्षकमा नेपाल राष्ट्र बैङ्कबाट रु.२,१७,१६,८१,३१९ ।- सहयोग प्राप्त भएकोमा राष्ट्रिय वाणिज्य बैङ्कको वासलातमा Loan बापत रु.२,०२,६८,३३,६५८ ।- मात्र लेखांकन गरेको पाइएकोले रु.१४,४८,४७,६६१ ।- फरक पर्न गएको देखिएकोले फरक रकमलाई पुष्टि गर्ने विवरण र कारण बैङ्कले पुष्टि गर्न सकेको सो फरक रकम रु.१४,४८,४७,६६१ ।- बैङ्कको आय मान्नु पर्ने हुनाले आयकर ऐन, २०५८ को दफा ७(२)(ङ) अनुसार आयमा समावेश गर्ने सुरु कार्यालयको निर्णय रहेको देखिएकोमा विनिमय दरमा भएको घटबढका कारण फरक परेको रकमलाई आय मान्न मिल्दैन भन्ने पुनरावेदन बैङ्कको जिकिर रहेको देखिन्छ । पुनरावेदक बैङ्कको उल्लिखित जिकिर रहेको देखिए तापनि विनिमय दरका कारण नै उक्त रकम फरक पर्न गएको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण बैङ्कको तर्फबाट पेस हुन सकेको नदेखिँदा उक्त रकम आय वर्षमा कायम रहेको आयकर ऐन, २०५८ को दफा २४(४)(ख) बमोजिम भुक्तानीमा समायोजन हुने प्रकृतिको देखिन नआई उक्त रकमलाई करदाताको आयमा समावेश गर्नुपर्ने देखिँदा सुरु कार्यालयबाट उल्लिखित रकम पुनरावेदक बैङ्कको आयमा समावेश गर्ने गरी भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने देखिएन ।

25. कर लेखा परीक्षकको टिप्पणीको बुँदा नं. ९.६ अनुसार गत अवधिका खर्चहरुमध्ये यस आर्थिक वर्षको नाफा नोक्सान खातामा रु.१०,३२,८४,,०३३ ।- लाई खर्चको रुपमा देखाएको भनी उल्लेख भएकोले गत आर्थिक वर्षको खर्च यस आर्थिक वर्षमा खर्च गर्नै नपाईने हुँदा यस्तो खर्च आयकर ऐन, २०५८ को दफा १३ कट्टी नपाउने गरी सुरु कार्यालयबाट निर्णय भएकोमा पुनरावेदक बैङ्कको आर्थिक वर्ष २०६१/०६२ को वित्तीय विवरण तयार गर्दा सोही आर्थिक वर्षको आम्दानी तथा खर्च एवम् नाफा नोक्सान मात्र समावेश गरी नाफा नोक्सान हिसाब तयार गरिएको छ, सो खर्च नाफा नोक्सान हिसाब मार्फत समायोजन गरिएको थियो भन्ने जिकिर रहेको देखिन्छ । पुनरावेदक वैंकको उल्लिखित जिकिर रहे पनि सो खर्च यसै आर्थिक वर्षको रहेको र नाफा नोक्सान हिसाब मार्फत समायोजन गरेको पुष्टि हुने प्रमाण पेस गर्न सकेको देखिँदैन । आयकर ऐन, २०५८ को दफा १३ मा रहेको व्यवस्था अनुसार सम्बन्धित आयवर्षको खर्च मात्र कट्टी गर्न पाउने देखिन्छ । यस स्थितिमा गत वर्षको खर्च रु.१०,३२,८४,,०३३ ।- खर्च कट्टी अमान्य गरी सुरु कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने देखिएन ।

26. बैङकको अनुसूची-१३ अनुसार यस आर्थिक वर्षमा बैङकले कर्मचारीहरुलाई निर्ब्याजी रुपमा दिएको ऋण तथा सापटी रकम रु.१,८०,५०,६३,५६३ ।- (सुरु मौज्दात रु.१,६८,२६,६९,३७८ ।- र अन्तिम मौज्दात रु.१,९२,७४,५७,७३९ ।- को औसत) रहेको छ । उक्त रकम बैङ्कको ब्याज आम्दानी नदेखाएकोले उक्त ऋण तथा सापटी रकमको औसत मौज्दातमा कर लेखा परीक्षकको टिप्पणीको बुँदा नं. ४ मा कर्जा सापट तथा लगानीमा औसत ब्याज दर ७.३१ प्रतिशत उल्लेख भएकोले सो दरको आधारमा हुने रकम रु.१३,१९,५०,१४६ ।- लाई आयकर ऐन, २०५८ को दफा २७ बमोजिम कर्मचारीको आयमा समावेश हुने गरी सो रकमको हकमा ब्याज र अन्य शुल्कसमेत लिनुपर्ने गरी निर्णय भएको देखिन्छ । कर्मचारीलाई प्रदान गरेको कर्जा सुविधा निर्ब्याजी होइन, नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत विनियमावली बमोजिम कर्मचारीलाई कार्यप्रति जागरुक र उत्प्रेरित गर्न घोषित हितकारी योजना अन्तर्गत दिइएको कर्जामा व्यवसाय प्रवर्धन हुन नसक्ने भनी

लिएको निर्णयाधार एवम् Lendung Rate लाई आधार बनाई औषत ब्याजदर ७.३१ प्रतिशत निकाली आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गर्नुपर्ने गरिएको निर्णय त्रुटिपूर्ण छ, कर्मचारीलाई दिइएको कर्जा निर्ब्याजी होइन कर्जा रकम बराबरको जीवन बीमा गराई प्राप्त हुने Endowment रकम सम्बन्धित कर्जामा जम्मा हुने र बोनस रकममध्ये ७५ प्रतिशत कर्मचारीलाई र २५ प्रतिशत बैङ्कको आम्दानी हुने भनी पुनरावेदक बैङ्कको जिकिर रहेको देखिन्छ । कर्मचारीलाई दिइएको ऋण र सापटी रकमको हकमा कानूनमा उल्लेख नभएको औसत ब्याज दर निकाली सो ब्याज पुनरावेदक बैङ्कको खुद आयमा समावेश गर्ने गरी सुरु कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला उल्टी गरी त्यस्तो कर्मचारीलाई दिइएको ऋण र सापटी रकम पुनरावेदक बैङ्कको खर्चमा समावेश हुने गरी २०५९/०६० र २०६०/०६१ को आयकर मुद्दामा आज यसै इजलासबाट फैसला भएकोले प्रस्तुत आर्थिक वर्षको हकमा समेत सोही आयकर मुद्दाहरुमा विवेचित आधार, कारण र कानूनी व्यवस्थाबमोजिम कर्मचारीलाई दिइएको ऋण र सापटी रकम रु.१३,१९,५०,१४६ ।- आयमा समावेश गर्ने गरी प्रत्यर्थी सुरु ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला उल्टी हुने एवम् उक्त रकम बैङ्कको खर्चमा समावेश हुने भई प्रस्तुत शिर्षकको हदसम्ममा अन्य ब्याज र शुल्कसमेत मिन्हा हुने देखियो ।

27. **उल्लिखित शिर्षक बाहेक पारिश्रमिक कर, ब्याज कर, Award & Prices भुक्तानी कर शिर्षकहरुका सम्बन्धमा राजस्व न्यायाधिकरण काठमाडौँको फैसलामा के कस्तो त्रुटि छ तथा के कुन आधार, कारण र कानूनी व्यवस्थाबमोजिम सो फैसला उल्टी वा बदर हुनुपर्ने हो भन्ने सम्बन्धमा पुनरावेदक बैङ्कले खण्डनसहितको स्पष्ट जिकिर लिन सकेको नपाइएकोले सो शिर्षकहरुका सम्बन्धमा विचार गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिन आएन । सो शिर्षकका सम्बन्धमा सुरु कार्यालयको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौँको फैसला सदर हुने देखियो ।**

28. **अतः माथि उल्लिखित आधार, कारण र कानूनी व्यवस्थाबमोजिम सुरु ठुला करदाता कार्यालयले पुनरावेदक बैङ्कको आयमा समावेश गरी गरेको निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौँको मिति २०७० ।२ ।२३ को फैसला व्यवस्थापन सुधार खर्च एवम् कर्मचारीलाई दिइएको कर्जा तथा सापटी रकमको हकमा मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । उल्लिखित उल्टी हुने ठहरेको शिर्षक मध्ये व्यवस्थापन सुधार खर्चको रकम मिन्हा हुने र कर्मचारीलाई दिइएको ऋण तथा सापटी शिर्षकको रकम आयमा समावेश नगरी पुनरावेदक बैङ्कले खर्च कट्टी गर्न पाउने भई सो शिर्षकमा लगाइएको ब्याज र शुल्कसमेत मिन्हा हुने ठहर्छ । सो समेतको जानकारी प्रत्यर्थी ठुला करदाता कार्यालयलाई दिनू । सो उल्टी हुने ठहरे बाहेकका अन्य शिर्षकहरुमा सुरु कार्यालयले गरेको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौँको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अन्य शिर्षकमा दुबै पक्षको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नुका साथै फैसलाको विद्युतीय प्रति यस अदालतको कम्प्युटर सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनू ।**

(सुष्मालता माथेमा)
न्यायाधीश

उक्त रायसँग सहमत छु ।

(प्रकाशमान सिंह राउत)